विधेयक संख्याः

# प्रदेश उद्योग व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश नम्बर दुई प्रदेश सभा

जनकपुरधाम

<u>प्रदेश उद्योग व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावनाः</u> औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवंम उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नका लागि निजी, सार्वजनिक एवम् \ सहकारी क्षेत्रको सहभागितामा प्रदेशमा उद्योगधन्दा र साधन स्रोतको संरक्षण तथा प्रवर्द्धन गरी प्रदेशमा रोजगारीको अवसरमा अभिवृद्धि समेत गर्नका लागि प्रदेशको औद्योगिक वातावरणलाई सुविधाजनक, लागानीमैत्री बनाई प्रदेशको औद्योगिक विकास र प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७६" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "औद्योगिक क्षेत्र" भन्नाले प्रदेशको औद्योगिक विकास गर्ने प्रयोजनको लागि प्रदेश सरकारले दफा २० बमोजिम औद्योगिक क्षेत्र भनी तोकेको स्थान समझ्नुपर्छ।

(ख) "उद्योग" भन्नाले दफा १४ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ग) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले उद्योग दर्ता गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय समझ्नुपर्छ।

(घ) "कार्यालय" भन्नाले जिल्लास्थित उद्योग कार्यालय सम्झनुपर्छ।

(ङ) "घरेलु उद्योग" भन्नाले दफा १४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनुपर्छ।

(च) "ठूला उद्योग" भन्नाले दफा १४ को उपदफा (१) खण्ड (ङ) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ज) "विभाग" भन्नाले उद्योग, यस ऐन बमोजिम उद्योग दर्ता, प्रशासन र नियमन गर्न गठन भएको उद्योग विभाग सम्झनुपर्छ।

(झ) "निर्यातमूलक उद्योग" भन्नाले उर्जामूलक बाहेक आफ्नो उत्पादनको कम्तीमा चालिस प्रतिशत निर्यात गर्ने उद्योग सम्झनुपर्छ।

(ञ) "बोर्ड" भन्नाले दफा १६ बमोजिम गठन भएको उद्योग प्रवर्द्धन बोर्ड सम्झनुपर्छ ।

(ट) "मझौला उद्योग" भन्नाले दफा १४ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उद्योगसंग सम्बन्धित बिषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ड) "लघु उद्यम" भन्नाले दफा १४ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनुपर्छ।

(ढ) "विशेष आर्थिक क्षेत्र" भन्नाले प्रदेश सरकारले विषेश आर्थिक क्षेत्र रहने गरी दफा २१ बमोजिम तोकेको क्षेत्र सम्झनुपर्छ।

(ण) "साना उद्योग" भन्नाले दफा १४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनुपर्छ।

(त) "सञ्चालन मिति" भन्नाले सम्बन्धित उद्योगले प्रदेशभित्र व्यापारिक उत्पादन शुरु गरेको वा सेवा प्रदान गरेको मिति सम्झनुपर्छ ।

(थ) "स्थिर पूँजी" भन्नाले दफा १५ मा उल्लेख भए बमोजिमको उद्योगको चल अचल सम्पत्ति सम्झनुपर्छ ।

## परिच्छेद-२

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनु पर्ने:** (१) यस ऐन बमोजिम उद्योगको स्थापना वा संचालन गर्न चाहने व्यक्ति, संस्था वा कम्पनीले उद्योग स्थापना वा संचालन गर्नु अगावै त्यस्तो उद्योग तोकिए बमोजिम उद्योग दर्ता गर्ने निकाय समक्ष दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ता नगराई कसैले पनि उद्योगको स्थापना तथा संचालन गर्नु वा गराउनु हुँदैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका उद्योगले यसै ऐन बमोजिम उद्योग दर्ता गराउनु पर्ने छैन।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भएको उद्योगको अभिलेख गराउनु पर्नेछ ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनु पर्ने:** (१) यस ऐन बमोजिम उद्योग स्थापना वा संचालन गर्न चाहने व्यक्ति, संस्था वा कम्पनीले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिदाँ निवेदनसाथ संलग्न गर्नु पर्ने विवरण वा कागजात विद्युतीय माध्यम (अनलाइ)बाट समेत पेश गर्ने सकिनेछ र तत्सम्बन्धी कागजातको प्रमाणीकरण विद्युतीय हस्ताक्षरको माध्यमबाट गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाचँबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले नपुग विवरण वा कागजात पेश गर्न बढीमा साठ्ठी दिनको अवधि तोकी निवेदकलाई सात दिनभित्र जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा

उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ । त्यसरी अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको पाँच दिनभित्र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

५. <u>उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः</u> (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रकृया पूरा भएको देखिएमा निवेदन परेको तीन दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उद्योग दर्ता गरेपछि वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योगको स्थापना तथा संचालन गरी त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिंदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु।

(४) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ।

६. <u>अनुमति लिनुपर्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लिखित उद्योग दर्ता गर्नु अघि बोर्डबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति आवश्यक पर्ने उद्योग दर्ता गराउन चाहने व्यक्तिले तोकिएको विवरण सहित तोकिएको ढाचाँमा उद्योग दर्ता गर्ने निकाय मार्फत बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन र सोसंग सम्बन्धित कागजात जाँचबुझ गर्दा आवश्यक विवरण र कागजात संलग्न भएको देखिएमा उद्योग दर्ता गर्ने निकायले आफ्नो राय सहित निर्णयको लागि बोर्ड समक्ष पेश गर्नेछ।

(४) यस दफा बमोजिम बोर्डले उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने सम्बन्धमा एक महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बोर्डबाट अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा अनुमति दिनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त गरेपछि अनुमतिपत्रमा उल्लेख भएको समयावधि भित्र उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिम बोर्डबाट उद्योग दर्ता गर्न अनुमति नदिने निर्णय भएमा सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदकलाई सो को जानकरी दिनु पर्नेछ।

७. <u>व्यावसायिक उत्पादन वा करोबार प्रारम्भ गरेको जानकारी दिनुपर्नेः</u> (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सो को जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको संचालन वा व्यावसायिक उत्पादन वा करोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाईएको अवधिभित्र पनि उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अधावधिक गर्नु पर्नेछ।

८. <u>उजूरी गर्न सक्नेः</u> (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र मन्त्रालय समक्ष उजूरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मन्त्रालयले उजूरी उपर आवश्यक जाँचबुझ गरि उजूरी परेको मितिले तीस दिन भित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

९. <u>अनुगमन गर्नेः</u> (१) उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ।

(२) उद्योग दर्ता गर्ने निकायले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग संचालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

१०. <u>विवरण उपलब्ध गराउनु पर्ने:</u> (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विधुतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

११. <u>उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने:</u> यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यासायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ।

१२. <u>उद्योगको दर्ता खारेजी गर्न निवेदन दिन सकिने:</u> (१) कुनै कारणले उद्योग संचालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ।

तर प्रचलित कानुन बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानुन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारख गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सो को जानकारी निवेदकलाई दिनु पर्नेछ।

१३. <u>उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने:</u> (१) कुनै एक ठाँउमा संचालन गर्नेगरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) कुनै अर्को प्रदेशमा संचालन गर्ने गरी दर्ता भएको उद्योग यस प्रदेशमा स्थानान्तरण गर्न चाहेमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

तर अर्को प्रदेशबाट उद्योग स्थानान्तरण गराएका त्यसता उद्योगलाई दर्ता शुल्क लाग्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

## परिच्छेद-३

## उद्योगको वर्गीकरण तथा स्थिर पूंजी

१४. उद्योगको वर्गीकरणः (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) लघु उद्यम देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूंजी रहेको,

(२) उद्यमी स्वयम् उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको।

तर उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन।

(ख) घरेलु उद्योगः देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण, वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको,

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु

(ग) साना उद्योगः लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूंजी भएको उद्योग,

(घ) मझौला उद्योगः दश करोड रुपैयाँ भन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूंजी भएको उद्योग,

(ङ) ठूला उद्योगः पच्चीस करोड रुपैयाँ भन्दा बढी स्थिर पूंजी भएको उद्योग।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) उर्जामूलक उद्योगः उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-३ मा उल्लिखित उद्योगहरु,

(ख) उत्पादनमूलक उद्योगः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु,

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योगः कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसंग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरु।

(घ) खनिज उद्योगः खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

(ङ) निर्माण उद्योगः भौतिक पूर्वाधार निर्माण गरी संचालन गर्ने अनुसूची-५ मा उल्लिखित उद्योगहरु।

(च) पर्यटन उद्योगः पर्यटन सेवासंग सम्बन्धित अनुसूची-६ मा उल्लिखित उद्योगहरु।

(छ) सूचना, प्रसारण तथा संचार प्रविधिमा आधारित उद्योगः सूचना संकलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, संचार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-७ मा उललिखित उद्योगहरु।

(ज) सेवामूलक उद्योगः सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-८ मा उल्लिखित उद्योगहरु।

(३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए बमोजिमको आफ्नो स्थिर पूंजी परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको स्थिर पूंजी परिवर्तन वा हेरफेर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उद्योगको स्थिर पूंजी परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग स्थिर पूंजी परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ।

१५. <u>उद्योगको स्थिर पूंजीः</u> (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पूंजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्यांकन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि, अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानी संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विधुत आपूर्ति तथा सोसंग सम्बनधित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्सचर तथा फर्निचर,

(ञ) संचार सामग्री तथा सोसंग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा विभिन्न चरणमा भएको देहायको खर्चलाई पनि उद्योगको स्थिर पूंजीको रुपमा मूल्यांकन गरिनेछः-

(क) पूंजीकृत गरिने प्राविधिक तथा सुपरीवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व संचालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च।

## परिच्छेद-४

## प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्बन्धी व्यवस्था गठन

१६. **प्रदेश उद्योग प्रवर्द्धन बोर्डको गठनः** (१) प्रदेशको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई औद्योगिक विकास गर्न प्रदेश सरकारले देहायका सदस्यहरु भएको एक प्रदेश उद्योग प्रवर्द्धन बोर्ड गठन गर्नेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति आयोग (उद्योग हेर्ने) -सदस्य

(ग) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(घ) सचिव, प्रदेश सरकारको अर्थसँग सम्बन्धित विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, प्रदेश सरकारको वातावरणसँग सम्बन्धित विषय हेर्ने मन्त्रालय -सदस्य

(च) सचिव, प्रदेश सरकारको उद्योगसँग सम्बन्धित विषय हेर्ने मन्त्रालय -सदस्य

(छ) सचिव, आन्तरिक तथा कानून मन्त्रालय (कानून हर्ने) -सदस्य

(ज) सचिव, भौतिक पूर्वाधार विकास हेर्ने -सदस्य

(झ) प्रतिनिधि, प्रदेश स्थित स्थानीय तहका प्रमुख वा अध्यक्ष मध्ये मन्त्रालयले मनोनीत गरेका एक जना महिला सहित तीन जना -सदस्य

(ञ) अध्यक्ष वा निजले तोकेको प्रदेश स्थित उद्योग वाणिज्य महासंघको सदस्य -सदस्य

(ट) उद्योग, वाणज्य एवं पर्यटन क्षेत्रका संघ वा प्रतिष्ठित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको तीनजना -सदस्य

(ठ) उद्योग मन्त्रीको सिफारिसमा प्रदेश मन्त्रीबोर्डबाट मनोनित उद्योग क्षेत्रका एक महिला सहित तीन जना -सदस्य

(ड) प्रमुख, उद्योग विभाग -सदस्य-सचिव

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी बोर्डका सदस्यमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा नेपाल सरकारका कुनै कर्मचारीलाई विशेषज्ञको रुपमा बोर्डको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **<u>बोर्डको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको उद्योग तथा औद्योगिकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयनमा आवश्यक सहयोग पुर्‍याउने कार्य गर्ने,

(ख) प्रदेश तथा राष्ट्रिय स्तरमा अपनाएको उदार खुला एवं प्रतिस्पर्धात्मक आर्थिक नीतिको प्राप्तिको लागि उद्योग क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउँदै लैजान मार्गदर्शन तयार गर्ने,

(ग) स्थानीय तह, प्रदेश तथा संघको उद्योग तथा औद्योगिक नीतिको नीतिगत स्तर र कार्यान्वयन स्तर बीच समन्वय कायम गर्ने,

(घ) प्रदेशभित्र वातावरण र जनस्वास्थ्यमा असर हुन नदिन बढी जोड दिई वातावरण प्रदूषणलाई रोक्ने उपाय एवं व्यवस्था अङ्गीकार गर्ने,

(ङ) उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(च) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण अभिवृद्धि तथा औधोगिकीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(छ) बैदेशिक लगानी आकर्षित गर्ने सम्बन्धी आवश्यक कार्य गर्न संघीय सरकारसंग समन्वय गरी आकर्षक विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

(ज) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(झ) उद्योगबाट उत्पादित वस्तु वा सेवाको गुणस्तर सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ञ) सहुलियत पाइन भनी उद्योगले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई निर्देशन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कामहरु गर्ने वा गराउने ।

१८. <u>बोर्डको सदस्यले निर्णय प्रकृयामा भाग लिन नहुने:</u> (१) बोर्डको बैठकमा निर्णयको लागि पेश हुने कुनै कार्यसूचीको सम्बन्धमा बोर्डको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो कार्यसूचीका सम्बन्धमा हुने निर्णय प्रकृयामा निजले भाग लिन हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था आईपरेमा सम्बन्धित सदस्यले सदस्य-सचिव मार्फत परिषद्लाई जानकारी गराउनु पर्नेछ,

(३) उपदफा (१) विपरीत हुने गरी निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः वदर हुनेछ।

१९. <u>गोपनीयता कायम राख्नुपर्ने:</u> (१) परिषद्को कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ, हित वा फइदाको लागि प्रयोग गर्न वा गरउन हुँदैन ।

(२) उपदफा (१) विपरीत बोर्डको अध्यक्ष, सदस्य, सदस्य-सचिव, बैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना गरेको मानिने छैन।

## परिच्छेद-५

## <u>औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्था</u>

२०. <u>औद्योगिक क्षेत्रको स्थापना तथा संचालन:</u> प्रदेश सरकारले प्रदेशको औद्योगिक विकास तथा प्रवर्द्धन गर्ने प्रयोजनको लागि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै निश्चित क्षेत्रलाई प्रदेशको औद्योगिक क्षेत्रको रुपमा तोकी त्यस्तो औद्योगिक क्षेत्र भित्र तोकिएका उद्योग तोकिए बमोजिम संचालन गर्ने व्यवस्था गर्न सक्नेछ।

२१. <u>विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्था:</u> (१) निर्यात प्रवर्द्धनको माध्यमबाट प्रदेशमा औद्योगिकरणको प्रकृया अघि बढाई प्रदेशको आर्थिक विकासको गतिलाई तीब्रता प्रदान गर्नको लागि परिषद्को सिफारिसमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै स्थानलाई विशेष आर्थिक क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रमा तोकिए बमोजिमका निर्यात प्रशोधन क्षेत्र, निर्यात प्रवर्धन गृह वा प्रदेश सरकारले तोकेको अन्य कुनै क्षेत्र रहन सक्नेछ।

(३) परिषद्ले विशेष आर्थिक क्षेत्रमा रहन सक्ने उद्योगको सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ र त्यस्ता सूचीमा रहेका उद्योगहरुले तोकिए बमोजिम परिषद्को स्वीकृति लिई विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गरी संचालन गर्न सक्नेछ।

(४) विशेष आर्थिक क्षेत्रको संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था

२२. कर तथा गैरकर सम्बन्धी छुट, सुविधा तथा सहुलियतः (१) संघीय कानून बमोजिम उद्योगलाई प्राप्त हुने कर, भन्सार, अन्तःशुल्क, महशुल सम्बन्धी सम्पूर्ण छुट, सुविधा तथा सहुलियत यस ऐन बमोजिम दर्ता भएका उद्योगलाई पनि प्राप्त हुनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उपदफा (१) मा उल्लिखित छुट, सुविधा तथा सहुलियतका अतिरिक्त प्रदेश सरकारको आर्थिक ऐनले उद्योगलाई प्रदान गरेको छुट, सुविधा तथा सहुलियत समेत प्राप्त गर्नेछ ।

(३) उद्योगलाई प्राप्त हुने छुट, सुविधा तथा सहुलियत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. लघु उद्यमको लागि अन्य सुविधा तथा सहुलियतः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।

२४. **महिला उद्यमीका लागि थप सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानुन बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा पैंतीस प्रतिशत छुट हुनेछ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउदा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुरमा बीस प्रतिशत छुट हुनेछ।

(३) महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिए बमोजिम उपलब्ध गराइनेछ।

(४) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनको लागि कर्जा माग गरेमा महिला उद्यमीको व्यवसायको वित्तीय स्थितिको आधारमा तोकिए बमोजिम निर्यात कर्जा उपलब्ध गराउन सकिनेछ।

२५. **अन्य सुविधा तथा सहुलियतः** देहायका उद्योगहरुलाई दफा २२, २३ र २४ मा उल्लेखित सुविधा तथा सहुलियतहरुका अतिरिक्त देहाय बमोजिमका सुविधा तथा सहुलियत समेत दिन सकिनेछः-

(क) वन पैदावारमा आधारित उद्योगलाई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कबुलियत वा लिजमा वन उपलब्ध गराउन सकिने,

(ख) उद्योगले आफ्नो उपयोगको लागि विद्युत शक्ति उत्पादन गरेमा कुनै दस्तुर (रोयल्टी) नलाग्ने व्यवस्था गर्ने,

(ग) निर्यात प्रवर्द्धन उद्योग, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सक्ने,

(घ) कुनै प्रदेश वा राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा प्रदेशभित्र आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि बोर्डको सिफारिसमा प्रदेश सरकारको निर्णयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिने,

(च) उद्योगको कच्चा पदार्थ एवं उत्पादनमा दोहरो बिक्री कर नलगाइने व्यवस्था गर्ने।

(छ) विशेष आर्थिक क्षेत्रमा बन्द, हड्ताल तथा चक्काजाम लगायतका कार्यहरु निषेधित हुनेछ ।

(ज) प्रदेश सरकारले उद्योगहरुलाई पूर्ण सुरक्षा उपलब्ध गराउने छ ।

(झ) प्रदेश सरकारले नेपाल विधुत प्राधिकरणसंग सहकार्य गरी औद्योगिक क्षेत्रमा चौबीस घण्टा विधुत आपूर्तीको व्यवस्था मिलाउने छ ।

२६. <u>जग्गा सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन वा प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योगका लागि आश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानुन बमोजिम आफैले खरिद गर्नु पर्नेछ।

तर तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराईदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

(२) जग्गा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>लिजमा जग्गा उपलब्ध गराउनेः</u> (१) राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग सञ्चालन गर्न प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई जग्गा उपलब्ध गराई दिन उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालयमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नु पर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु प्रदेश सरकार र सम्बन्धित उद्योगबीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) बमोजिम प्रदेश सरकारले उपलब्ध गराएको जग्गाको लिज समझौता स्वतः रद्द हुनेछ र त्यस्तो ज्गा प्रदेश सरकारले विनाशर्त स्वतः फिर्ता पाएको मानिनेछ ।

(६) उद्योगलाई लिजमा ज्गा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुर्नेछ ।

२८. <u>जग्गाको अधिकतम हदबन्दमा छुटः</u> (१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हदभन्दा बढी भएमा सो बढी भएसम्मको जग्गा राख्ने ५ट पाउन त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी राय सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर उद्योगको आवश्यकता र उद्योगको स्वीकृत स्कीम वा परियोजना प्रस्तावमा उल्लेख भएबमोजिम तोकिएको मापदण्डको अधीनमा रही प्रदेश सरकारले हदबन्दीभन्दा बढी जग्गा राख्न पाउने गरी छुट दिन सक्नेछ । त्यसरी हदबन्दीभन्दा बढी छुट दिएको जग्गा जुन प्रयोजनको लागि छुट दिइएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(४) उद्योगले प्रचलित कानून बमोजिम हदबन्दीमा छुट पाएको जग्गा स्वीकृत उद्देश्य बमोजिम उपयोग गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम अनुगमन गरी वा गर्न लगाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफ (४) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको निर्देशन पालना नगरेको पाइएमा त्यस्तो उद्योगले राख्न अनुमित पाएको हदबन्दीभन्दा बढी जग्गा प्रदेश सरकारले प्रचलित कानून बमोजिम विनाशर्त फिर्ता लिन सक्नेछ ।

(६) प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमितप्राप्त उद्योगले त्यसरी हदबन्दीभन्दा बढी राखेको जग्गा बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउने छैन ।

(७) उद्योगको आवश्यकता पूँजी र प्रकृतिको आधारमा उद्योगले राख्न पाउने अधिकतम जग्गाको परिमाण, हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउने सम्बन्धी व्यवस्था तथा सो सम्बन्धमा उद्योगले पालना गर्नु पर्ने शर्त लगायतको मापदण्ड भूमि सम्बन्धी प्रचलित कानूनको अधीनमा रही तोकिए बमोजिम हुनेछ ।

२९. <u>सुविधा तथा सहुलियतको दुरुपयोग गर्न नहुने:</u> (१) यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने सुविधा तथा सहुलियतहरु जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो काममा प्रयोग नगरी दुरुपयोग गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम कसैले त्यस्तो सुविधा दुरुपयोग गरेमा त्यस्ता सुविधा दुरुपयोग गर्ने उद्योगले तत्पश्चात कुनै सुविधा पाउने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित उद्योगको सुविधा रोक्नु अघि त्यस्तो उद्योगलाई आफ्नो भनाई राख्ने उपयुक्त मौकाबाट वञ्चित गरिने छैन ।

३०. <u>सुविधाको प्रत्याभूति:</u> (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यापारिक उत्पादन शुरु गरेको उद्योगले यस ऐन बमोजिमको सुविधा पाउनेछ ।

तर त्यस्तो उद्योग दर्ता वा अनुमति पाउँदाका बखत कायम रहेको औद्योगिक व्यवसाय ऐन बमोजिम पाउने अवधि किटिएको सुविधा तथा सहुलियत यस ऐनले प्रदान गरेको सुविधा तथा सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिमको सुविधा नपाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

(२) यो उपदफा प्रारम्भ हुनु भन्दा अघि दर्ता भएको वा अनुमति प्राप्त गरेको उद्योगले अवधि किटिएको सुविधा तथा सहुलियत जति दर्ता हुँदा वा अनुमति प्राप्त गर्दाको अवस्थाको प्रचलित कानून बमोजिम र अवधि नकिटिएको सुविधा र सहुलियत यसै ऐन बमोजिम पाउनेछ ।

## परिच्छेद-७

## एकल बिन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

३१. एकल बिन्दु सेवा केन्द्रको स्थापनाः (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, प्रोत्साहन, छुट सुविधा वा सहुलियत सरल एवं सहज प्रक्रियाद्वारा र नेपाल सरकारका विभिन्न निकायबाट सम्पादन गरिने कार्यहरु समयमै एकै स्थानबाट उपलब्ध गराउने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार तथा खारेजीसम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरु प्रवाह गर्ने प्रयोजनको लागि प्रदेश सरकारले तोकिए बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकल बिन्दु सेवा केन्द्र रहने स्थान, केन्द्रका माध्यमबाट उद्योगहरुलाई पुऱ्याइने सेवा केन्द्रमा रहने निकायगत प्रतिनिधित्व तोकिए बमोजिम हुनेछ ।

(३) एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि सम्बन्धित निकायले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउनु पर्नेछ । त्यसरी खटाउँदा त्यस्तो कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले आवश्यक अधिकारसमेत प्रत्यायोजन गर्नु पर्नेछ ।

(४) एकल बिन्दु सेवा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५)  उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना नभएसम्मको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा सञ्चालन समिति गठन गर्नेछ ।

३२. <u>एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः</u> (१) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम कम्पनी, फर्म वा उद्योगको दर्ता, अनुमति वा इजाजत, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र कम्पनी, फर्म वा उद्योगको खारेजी (दामासाही बाहेक) लगायतका उद्योग तथा व्यवसाय प्रशासनसँग सम्बन्धित कार्य गर्ने,

(ख) प्रचलित कानून बमोजिम विदेशी लगानीको स्वीकृति सम्बन्धी कार्य गर्ने,

(ग) प्रचलित कानून बमोजिम श्रम स्वीकृति र कार्य सहमति सम्बन्धी कार्य गर्ने,

(घ) प्रचलित कानून बमोजिम भिसा सुविधा सम्बन्धी कार्य गर्ने,

(ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, सञ्चारका साधन, जग्गा सडक जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा अन्य निकायहरुबीच सम्पर्क बिन्दु (फोकल पोइण्ट) सम्बन्धी कार्य गर्ने,

(छ) प्रचलित कानून बमोजिम उद्योग एवं लगानीकर्तालाई प्राप्त हुने प्रोत्साहन, छुट, सुविधा वा सहुलियता प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ज) प्रचलित कानून बमोजिम विदेशी मुद्रा विनिमय स्वीकृति सम्बन्धी कार्य गर्ने,

(झ) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रदान गर्ने,

(ञ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र भन्सार विभागबाट प्रदान हुने निकासी, पैठारी सङ्केत नम्बर लिने कार्य र वण्डेड वेयर हाउसको सहजीकरण सम्बन्धी कार्य गर्ने,

(ट) बोर्डले आफ्ना काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ठ) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई स्वीकृतीपत्र उपलब्ध गराउन निकायगत समन्वय गर्ने,

(ड) उद्योग व्यवसाय दर्ताका लागि आवश्यक पर्न कागतजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा विद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(ढ) उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा आवश्यक समन्वय र सहजीकरण गर्ने, लिजमा जग्गा उपलब्ध गराउन सहयोग गर्ने र हदबन्दीभन्दा बढी जग्गा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने,

(ण) आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा प्रचलित कानून बमोजिम अनुमति दिने वा सोको लागि सिफारिस गर्ने,

(त) लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,

(थ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,

(द) मन्त्रालय र बोर्डको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ध) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य कार्यहरु गर्ने ।

(२) यस दफा बमोजिम एकल बिन्दु सेवा केन्द्रले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ ।

(३) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन, व्यवस्थापन एवं सो केन्द्रबाट प्रदान गरिने सेवा सुविधा तथा सहुलियत र सोको प्रक्रिया सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-८
## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

३३. **रुग्न उद्योगको पहिचानः** (१) उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्षसम्म सञ्चालनमा रही उद्योगको आफ्नै नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबुबाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई प्रदेश सरकारले रुग्ण उद्योगको रुपमा घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रुग्ण भई बन्द अवस्थामा रहेको उद्योगलाई सो उद्योगले पेश गरेको स्कीम वा परियोजना प्रस्ताव तथा मन्त्रालयबाट भएको अध्ययनबाट निश्चित छुट सुविधा वा सहुलियत उपलब्ध गराउँदा पुनः सञ्चालनमा आउन सक्ने देखिएमा प्रदेश सरकारले त्यस्तो उद्योगको पुनरुत्थान पुनर्निर्माण तथा व्यवस्थापन गर्न निश्चित अवधिका लागि तोकिए बमोजिमको छुट सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट रुग्ण घोषित भएको उद्योगको सञ्चालनको लागि लगानीकर्ताको सहमतिमा कुनै सहकारी संस्थाले सञ्चालनको प्रस्ताव गरेमा त्यस्तो सहकारी संस्थाको क्षमता उपयुक्तता र सम्भाव्यता समेत हेरी तोकिएको शर्तहरुको अधीनमा रही त्यस्तो सहकारी संस्थामार्फत् उद्योग सञ्चालन गरउन सकिनेछ ।

३४. <u>रुग्ण उद्योगको वर्गीकरण:</u> दफा ३९ बमोजिम पहिचान भएका उद्योगहरुलाई तोकिए बमोजिमको मापदण्डका आधारमा पूर्ण रुग्ण, रुग्ण र रुग्ण उन्मुख उद्योगका रुपमा वर्गीकरण गरी त्यस्ता उद्योगहरुको व्यवस्थापनका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सकिनेछ ।

३५. <u>रुग्ण उद्योग सम्बन्धी सुविधा, सहुलियत तथा छुट:</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३९ बमोजिम रुग्ण उद्योगको रुपमा पहिचान भएको वा दफा ४० बमोजिम वर्गीकरण गरिएको उद्योगले त्यस्तो उद्योगके विस्तार पुनर्सरचना वा विविधिकरणका लागि आयात गर्ने मेसिनरी औजार वा उपकरणमा प्रदेश सरकारले महसुल शुल्क वा करमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

३६. <u>रुग्ण उद्योग सम्बन्धी संस्थागत व्यवस्था:</u> (१) यस परिच्छेद बमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनर्निर्माण र व्यवस्थापनका लागि सुझाव दिन प्रदेश सरकारले सम्बन्धित क्षेत्रका विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## <u>विविध</u>

३७. <u>औद्योगिक रणनीति:</u> प्रविधि संचालित औधोगिकीकरण, प्राविधिक मानव संसाधन विकास, औद्योगिक पूर्वाधारको निर्माणमा जोड, स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन, प्रक्रियागत सरलीकरण, पूँजीबजारको प्रवर्द्धन, भूमि बैंकको स्थापना, श्रम व्यवस्थापनमा सुधार, करारमा उत्पादनलाई कानूनी मान्यता प्रदान गरिने प्रदेश सरकारको औद्योगिक रणनीति हुनेछ ।

३८. <u>उद्योगलाई सरकारीकरण नगर्ने:</u> यो ऐन बमोजिम दर्ता भई स्थापना वा संचालन भएका कुनै पनि उद्योगलाई प्रदेश सरकारले सरकारीकरण गर्ने छैन ।

३९. <u>औद्योगिक जनशक्ति:</u> (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकहरुबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उद्योगले भारतीय नागरिकबाहेक अन्य विदेशी जनशक्ति बिना सञ्चालन हुन नसक्ने भएमा त्यस्तो उद्योगमा प्रचलित संघीय कानुन बमोजिम नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति लिई बढीमा तीन वर्षको लागि विदेशी नागरिक नियुक्ती गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै उद्योगमा कार्यरत परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको देशको विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, मेहनताना आदि प्रचलित कानुन बमोजिम परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउनेछ ।

४०. <u>विवरण दिनु पर्नेः</u> उद्योगसँग सम्बन्धित रहेका तोकिए बमोजिमका विवरणहरु वार्षिक रुपमा सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

४१. <u>सजायः</u> (१) मन्त्रालयले देहायको आधारमा देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) कसैले यस ऐन बमोजिम अनुमति लिनु पर्नेमा अनुमति नलिई उद्योग स्थापना गरेमा त्यस्तो उद्योग बन्द गर्न आदेश दिने ।

(ख) कसैले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा लघु उद्यमको हकमा पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म, घरेलु उद्योगको हकमा एक लाख पचास हजार रुपैयाँ देखि दुई लाख पचास हजार रुपैयाँसम्म, साना उद्योगको हकमा तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म, मझौला उद्योगको हकमा पाँच लाख रुपैयाँ देखि सात लाख रुपैयाँसम्म र ठूला उद्योगको हकमा दश लाख रुपैयाँ देखि बीस लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(ग) कुनै उद्योगले यस ऐनको अरु कुनै कुरा उल्लघंन गरेमा त्यस्तो उद्योगको अनुमति वा उद्योग दर्ता खारेज गर्ने ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम कारबाही गर्नु अघि सो विषयमा सम्बन्धित उद्योगलाई स्पष्टीकरण पेश गर्न वा आफुले गरेको भूल सुधार गर्ने मुनासिव माफिकको मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मन्त्रालयले गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित उद्योगले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र प्रचलित कानुन बमोजिम पुनरावेदन दिन सक्नेछ ।

४२. <u>समन्वय तथा सहकार्य गर्न सक्नेः</u> मन्त्रालयले यस ऐनको कार्यान्वयनको लागि आवश्यकता अनुसार संघ तथा स्थानीय तह सित समन्वय तथा सहकार्य गर्न सक्नेछ।

४३. <u>समितिहरु गठन गर्न सक्नेः</u> (१) यस ऐनको उद्देश्य कार्यान्यवन गर्नका लागि मन्त्रालय, बोर्ड, विभाग वा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएका समितिको कार्याविधि, कार्यक्षेत्रगत शर्त, काम, कर्तव्य र अधिकार र सेवा सुविधा त्यस्तो समिति गठन गर्दाका बखत गरिएको निर्णयमा तोकिए बमोजिम हुनेछ।

४४. <u>अधिकार प्रत्यायोजनः</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम बोर्डलाई प्राप्त भएको अधिकारहरु मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार सम्बन्धित मन्त्रालय, स्थानीय तह, कार्यालय, अधिकारी, बोर्डका कुनै सदस्य वा बोर्डले गठन गरेको अन्य कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४५. <u>अनुसूचीमा हेरफेर वा थपघटः</u> प्रदेश सरकारले चाहेमा अनुसूचीमा आवश्यकता बमोजिम हेरफेर वा थपघट गर्न सक्नेछ ।

४६. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४७. <u>कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः</u> यस ऐनको कार्यान्वयन गर्नका लागि मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

४८. <u>बाधा अडकाउ फुकाउने अधिकारः</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

४९. <u>बचाऊः</u> प्रचलित नेपाल कानून वा संघीय कानून बमोजिम यस ऐनको विषयसंग सम्बन्धित कुनै कार्य यस प्रदेशभित्र भए गरेको भए त्यस्ता कार्यहरु यसै ऐन वमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

## अनुमति लिनु पर्ने उद्योगहरु

१. चुरोट, बिंडी, खैनी, सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,

२. बियर तथा मदिरा उत्पादन गर्ने उद्योग,

३. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,

४. बहुमूल्य खनिज उत्खनन् पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग,

५. प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग।

द्रष्ट्व्यः हातहतियार, गोलीगठ्ठा, बारुद उत्पादन गर्ने उद्योग, विष्फोटक पदार्थ उत्पादन गर्ने उद्योग र सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ) मुद्रा तथा सिक्का उद्योगको अनुमति सम्बन्धी व्यवस्था औद्योगिक व्यवसाय ऐन, २०७३ मा उल्लेख भए बमोजिम हुनेछ।

## अनुसूची-२

(दफा १४ को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित उद्योग)

## घरेलु उद्योगहरु

१. ह्याण्ड लूम, पेडल लूम, सेमी अटोमेटिक लूम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रङाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बनाईका राडी, पाखी, गलैंचा पश्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडा वर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्त निर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत,

८. स्वदेशमा उपलब्ध किम्ति, अर्ध किम्ति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ छालाबाट हस्तनिर्मित वस्तुहरु,

९. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुङा कुंदी बनाइएका सामानहरु),

११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सीङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईटा उद्योग।

## अनुसूची-३

(दफा १४ को उपदफा (२) को खण्ड (क) संग सम्बन्धित)

## ऊर्जामूलक उद्योग

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा वायोग्यास, वायोमास वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन, उपकरण निर्माण गर्ने उद्योग,

२. विधुत प्रसारण लाइन,

३. विधुत वितरण प्रणाली,

## अनुसूची-४

(दफा १४ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित)

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

१. फलफूल खेती वा फलफूल प्रशोधन,

२. खाधवस्तु प्रशोधन,

३. पशुपालन, पंक्षीपालन (अष्ट्रीच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

४. दूध उद्योग (दूधका परिकार उत्पादन समेत),

५. मत्सयपालन, माछाभुरा उत्पादन, प्रशोधन एंव प्याकेजिङ,

६. रेशम खेती तथा रेशम प्रशोधन,

७. चिया बगान, चिया प्रशोधन,

८. कफी खेती, कफी प्रशोधन,

९. जडिबुटी खेती, जडिबूटी प्रशोधन,

१०. तरकारी बीउ बिजन उत्पादन,

११. तरकारी खेती, तरकारी प्रशोधन,

१२. हरित गृह स्थापना र संचालन,

१३. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१४. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

१५. नर्सरी व्यवसाय,

१६. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र संचालन,

१७. शीत भण्डार, कृषि बजार,

१८. सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,

१९. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि)

२०. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

२१. वनस्पति उधान स्थापना र व्यवस्थापन,

२२. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

२३. बीउबिजन प्रशोधन,

२४. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित।

## अनुसूची-५

(दफा १४ को उपदफा (२) को खण्ड (ङ) संग सम्बन्धित)

### निर्माण उद्योग

१. सडक, पुल, सुरुङ,

२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ कार,

३. हवाई धावन मार्ग, विमानस्थल,

४. औद्योगिक संरचना एंव पूर्वाधार कम्पलेक्स,

५. सभा सम्मेलन केन्द्र,

६. ढल तथा ढल निकास,

७. खानेपानी आपूर्ति तथा वितरण,

८. सिँचाइ पूर्वाधार,

९. खेलकुद गृह, रङ्गशाला,

१०. सवारी पार्किङ स्थल, पार्किङ गृह,

११. निर्यात प्रशोधन क्षेत्र,

१२. विशेष आर्थिक क्षेत्र,

१३. कार्गो कम्पलेक्स,

१४. दूषित पानी प्रशोधन केन्द्र,

१५. टेलिफोन टावर, अप्टिकल फइबर नेटवर्क, भू-उपग्रह प्रसारण केन्द्र,

१६. घर तथा आवास भवन,

१७. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,

१८. व्यापारिक कम्पलेक्स।

## अनुसूची-६

(दफा १४ को उपदफा (२) को खण्ड (च) संग सम्बन्धित)

### पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ सेन्टर, क्यासिनो, मसाज स्पा,

३. साहसिक पर्यटनः स्किइङ, ग्लाइडिङ, वाटर र्‍याफटिङ, हट एयर व्यालुनिङ, क्यानोनिङ, प्यारा सेलिङ, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ हिमाल आरोहरण र अवलोकन,

४. गल्फ कोर्स पोलो, पोनी ट्रेकिङ, पदयात्रा,

५. ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन,

६. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

७. मनोरन्जन पार्क,

८. वन्यजन्तु आरक्ष,

९. माउन्टेन फ्लाइट संचालन।

## अनुसूची-७

(दफा १४ को उपदफा (२) को खण्ड (छ) संग सम्बन्धित)

## सूचना, प्रसारण तथा संचार प्रविधिमा आधारित उद्योग

**खण्ड (क)**

**सूचना प्रविधि उद्योग**

१. टेक्नोलोजी पार्क,

२. आई. टि. पार्क,

३. वायोटेक पार्क,

४. सफ्टवेयर विकास,

५. कम्प्युटर तथा सम्बन्धित सेवाहरु,

६. तथ्याङ्क प्रशोधन,

७. साइवर क्याफे,

८. डिजिटल म्यापिङ,

९. विजिनेस प्रोसेस आउटसोर्सिङ,

१०. डाटा माइनिङ, क्लाउड कम्प्युटिङ।

**खण्ड (ख)**

**सूचना संचार प्रविधिमा आधारित उद्योग**

१. इन्टरनेट,

२. टेलिफोन, मोबाइल टेलिफोन, मोबाइल स्याटलाइट टेलिफोन,

३. टेलिपोर्ट सेवा,

४. भू-उपगृह (स्याटलाइट) स्थापना एंव संचालन, भू-उपगृह प्रसार केन्द्र स्थापना, भिस्याट,

५. ब्रोड ब्याण्ड, पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,

**खण्ड (ग)**

**सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग**

१. एफ. एम. रेडियो, डिजिटल रेडियो सेवा,

२. डिजिटल भू-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

३. आइपिटिभी, अनलाइन सेवा,

४. डिजिटल केबुल टि.भी., नेटवर्क, डाइरेक्ट-टू होम स्याटलाइट सेवा, एम. एम. डि. एस नेटवर्क,

५. रेकर्डिङ स्टुडियो, प्रसारण स्टुडियो,

६. प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

७. सिनेमा उत्पादन, सिनेमा हल, मल्टिप्लेक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण।

## अनुसूची-८

(दफा १४ को उपदफा (२) को खण्ड (ज) संग सम्बन्धित)

### सेवामूलक उद्योग

१. यान्त्रिक कार्यशाला (वर्कशप),

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ तथा डिजाइन, कानुनी, लेखा, लेखा परीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,

४. जिनिङ तथा बेलिङ व्यवसाय,

५. चलचित्र निर्माण व्यवसाय,

६. प्रदर्शनी सेवा,

७. सांस्कृतिक तथा मनोरन्जनात्मक व्यवसाय,

८. निर्माण व्यवसाय,

९. सार्वजनिक यातायात व्यवसाय,

१०. फोटोग्राफी,

११. अस्पताल,

१२. नर्सिङ होम,

१३. शिक्षण एंव प्रशिक्षण संस्था,

१४. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

१५. प्रयोगशाला,

१६. हवाई यातायात सेवा,

१७. खेलकूद सेवा,

१८. शीत भण्डार संचालन,

१९. हाउस वायरिङ इलेक्ट्रीकल फिटिङ र मर्मत,

२०. फोहरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनः प्रशोधन,

२१. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

२२. निर्माण सम्बन्धी भारी उपकरण भाँडा, मर्मत तथा संचालन,

२३. पशु चिकित्सा सेवा,

२४. व्याट्री रिचार्जिङ,

२५. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम. आर. आइ, अल्ट्रासाउण्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

२६. निर्माण भइसकेका पूर्वाधारहरुको संचालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धनजन्य ग्यास आपूर्ति सम्बन्धी पाइपलाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङशाला, स्पोर्टस् कमप्लेक्स, रोपवे, सडक, सिँचाइ, विधुत प्रशारण, विधुत गृह, रेलवे सेवा, कार्गो कमप्लेक्स, इनल्याण्ड क्लियरेन्स डि.पो. (आई.सि.डि.) आदि सेवा संचालन गर्ने व्यवसायहरु,

२७. खाधान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ गर्ने कार्य,

२८. कपडा तथा धागो रङाई, साइजिङ र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

२९. कार्गो व्यवसाय,

३०. प्याकेजिङ, रिफिलिङ, सेवा (एल.पी. जी. ग्यास रिफिलिङ र सवारी ग्यास रिफिलिङ स्टेशन समेत),

३१. कुरियर सेवा,

३२. ड्राइक्लिनिङ व्यवसाय,

३३. व्युटी पार्लर,

३४. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

३५. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

३६. प्रकाशन सेवा,

३७. विज्ञापन सेवा,

३८. विज्ञापन सामग्री तयार गर्ने सेवा,

३९. समाचार सम्प्रेषण सेवा,

४०. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,

४१. स्वाइल टेष्टिङ सेवा,

४२. स्वास्थ्य (हेल्थ) कल्ब,

४३. पानी ढुवानी तथा वितरण सेवा,

४४. जुलोजिकल पार्क संचालन,

४५. जियोलोजिकल पार्क संचालन,

४६. व्यवसाय सम्बर्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस)

४७. व्यापारिक कम्पलेक्स संचालन,

४८. वैदेशिक रोजगार सेवा,

४९. वायोटेक पार्क,

५०. सिनेमा हल,

५१. मल्टिप्लेक्स थियटर,

५२. सिलाई बुनाई,

५३. खनिज अध्ययन तथा अनुसन्धान,

५४. अनुसन्धान तथा विकास सेवा।